"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमक-झापा
कोशी प्रदेश, नेपाल

प.सं. ०७९-८०
च.नं.

www.damakmun.gov.np
info@damakmun.gov.np

## दमक नगरपालिकाको अत्यन्त जरुरी सूचना

खाद्य स्वच्छता र गुणस्तर, हामी सबैको सरोकार !

दुषित र न्यूनस्तरको खाद्य पदार्थको उपभोगका कारण उपभोक्ताहरुको स्वास्थ्यमा गम्भिर असर पर्ने हुदा यस दमक नगरपालिका अन्तरगत रहेको बजार अनुगमन तथा उपभोक्ता हित संरक्षण शाखा र यस नगरपालिकाद्वारा गठित स्थानिय बजार व्यवस्थापन समितिको संयुक्त तवरमा बजार अनुगमन तीव्र गतिमा अघि बढाउने भएको हुनाले यो सूचना जारी गरिन्छ।

खाद्य पदार्थ उत्पादन, प्रशोधन वा बिक्रि वितरण गर्ने व्यवसायीहरुले र आम उपभोक्ताले ध्यान दिनु पर्ने कुराहरुः

1. भारतबाट निकासी र पैठारी भई आउने गरेका माछा र जिउँदो माहुर माछाको बेचबिखन पूर्ण रुपमा बन्द गर्ने र सो माछाको बेचबिखन गरेको पाइएमा तत्काल जफत गरी कारवाही गरिनेछ।
2. बजारमा ४० माइक्रोनभन्दा पातलो प्लाष्टिकको प्रयोग गर्न पाइने छैन।
3. सवै प्रकारका मासुजन्य पदार्थ बेचबिखन गर्दा खुल्ला रुपमा बेचबिखन गर्न पाइने छैन। व्यवस्थित तरिकाले सिसा वा जाली लगाइएको भाडाको प्रयोग गर्ने र मासुजन्य पदार्थलाई डिप फ्रिजमा भन्डारण गर्नु पर्ने छ।
4. पेट्रोल खुल्ला रुपमा बोतलमा राखेर बेच्न पाइने छैन, यदी सो कार्य गरिएको पाइएमा तत्काल जफत गरी जरिवाना गरिनेछ।
5. दमक तरकारी बजारमा बेचबिखन हुने तरकारी र फलफुल जन्य खाद्य सामाग्री भन्सारबाट जाँच भएर आएको भएमा, सोको प्रमाण कागज राख्नु पर्ने। अनुगमनका क्रममा केही शंकाश्पद तरकारी तथा फलफुल पाइएमा प्रयोगशालामा परिक्षण गरिने छ र विषादी हालिएको पाइएमा कारवाही गरिनेछ।
6. सवै व्यावसायीहरुले मूल्यमा एकरुपता कायम गर्नुपर्ने, मूल्य सूची अनिवार्य राख्नु पर्ने। अनुगमनका क्रममा नराखिएको पाइएमा कारवाही गरिनेछ।

"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

# दमक नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दमक-झापा

कोशी प्रदेश, नेपाल

प.सं. ०७९-८०

च.नं.

www.damakmun.gov.np
info@damakmun.gov.np

7. मिति गुज्रिएका, सहि तरिकाले भण्डारण नभएका, लेवल प्रष्ट नभएका र लामो समयसम्म तार्न र पकाउन प्रयोग भएका तेलजन्य पदार्थ प्रयोग गरिएको पाइएमा जफत गरी ती अखाद्य सामाग्रीलाई नष्ट गरिनेछ।
8. सडक छेउछाउ खुल्ला रुपमा बेचबिखन हुने खाद्य पदार्थहरुमा अखाद्य वस्तुको प्रयोग गरिएको पाइएमा तत्काल जफत गरी नष्ट गरिनेछ।
9. बजारमा खुल्ला रुपमा प्रयोग भइरहेको अखाद्य रंग र बोतलमा प्याकिङ्ग भएर आउने कागती बाहेकका अन्य अमिलो पदार्थको प्रयोग गर्न नपाइने र प्रयोग गरिएको पाइएमा जफत गरी नष्ट गरिनेछ।

साथै उपभोक्ताहरुले खाद्य पदार्थ खरिद वा उपभोग गर्दा कुनै त्रुटि वा कैफियत भेट्नु भएमा दमक नगरपालिकाको कार्यलयमा गुनासो टिपाउन हार्दिक अनुरोध गरिन्छ।

सम्पर्क नं. ०२३-५९७०००, Extension No. - ६५०

आफु स्वंय सचेत रहि आफ्नो र आफ्नो परिवारको स्वास्थ्यमा पर्न जाने गम्भिर असरहरुबाट बचौं।

**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**